# बजेट बक्तब्य, नीति तथा कार्यक्रम

## आ. ब. ०८०/०८१

१. कलैया उपमहानगरपालिकाका नगर प्रमुख एवं एघारौं नगरसभाका सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्युहरु र नगरसभाका सम्पूर्ण सदस्यज्यूहरुमा सर्वप्रथम हार्दिक स्वागत गर्दछु । यस नगरसभामा नीति तथा कार्यक्रम र बजेट सम्मानित सभामा प्रस्तुत गर्न पाउदा म आफुलाई हर्षित एवं गौरवान्वित महशुस गरिरहेको छु । आजको यो अवसरमा नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, शान्ती र समृद्धिको लागी बिभिन्न काल खण्डमा भएका प्रजातान्त्रिक आन्दोलनहरु एवं मधेश आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

२. नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएकोले संघ, प्रदेश र स्थानीय तीन वटै तहले संबिधानबाट प्राप्त अधिकारहरुको प्रयोग गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, बिकास र संमृद्धिको आकाँक्षा पुरा गर्न प्रतिबद्ध भएर तीन वटै तह लागी परेका छन् । तीन वटै तह मध्ये जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको सरकार नै स्थानीय सरकार हो । स्थानीय तहबाट प्रवाह गरिने सेवा र विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं नतिजामुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउदै लैजाने, उपलब्ध श्रोत र साधनको उच्चतम व्यवस्थापन एवंम परिचालन गर्दै तीव्र शहरीकरणको व्यवस्थापन तर्फ सिङ्गो उपमहानगरपालिका सदैव सचेत रहँदै आएको छ ।

३. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट नेपालको संविधान २०७२ का मार्ग निर्देशक सिद्धान्त तथा विकास नीति, स्थानीय सरकार संचालन ऐन, २०७४, पन्ध्रौ योजनाका लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति एवं स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन र निर्देशन तथा नेपाल सरकार र प्रदेश सरकारबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा नीतिगत मार्गदर्शनको सीमा भित्र रही अगामी आ.ब. ०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ ।

४. आ.ब. ०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट बिश्व एंव नेपालको आर्थिक मन्दीले सिर्जना गरेको चुनौतीलाई सामना गर्दै तयार परीएकोले समग्र अर्थ तन्त्र अगामी आ.ब.मा सुधार हुने बिश्वास लिएको छु । अतः अगामी आ.ब.को नीती तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण, रोजगारीको अवसरमा अभिबृद्धि, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन, पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ । त्यस्तै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुबाट प्राथमिकताको आधारमा सिफारिस भई आएका र वडा समितिवाट प्राथमिकीकरणमा राखी छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोत साधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

५.“**समृद्ध कलैया, सुखी कलैयाबासी**” बनाउने संकल्पलाई शिरोधार्य गर्दै कलैया उपमहानगरपालिकालाई समृद्ध उप-महानगरपालिकाको रुपमा रुपान्तरण गर्नको लागि बिगतका असल अभ्यासहरुलाई निरन्तरता दिदै पूर्वाधार विकासलाई कृषि क्षेत्रको व्यवसायिकरणसँग आवद्ध गराउने, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता मानव बिकासका क्षेत्रमा लगानी बढाउने र दैनिक प्रशासन लगायत विकासका सबै प्रक्रियामा सुशासनका आधारभूत मान्यतालाइ संस्थागत गर्न यस उप-महानगरपालिकाको आगामी आ.ब. ०८०/०८१ को लागि तपशिल बमोजिम लक्ष्य, उदेश्य, प्राथमिकता र क्षेत्रगत नीति प्रस्तुत गरेको छु ।

**लक्ष्य**

समृद्ध कलैयाको अवधारणालाई साकार पार्न अल्पकालिन तथा दीर्घकालिन विकासका योजनाहरु मार्फत “**समृद्ध कलैया सुखी कलैयावासी**” र “**कृषि र पूर्वाधार समृद्ध कलैयाको आधार**” निर्माण गर्ने ।

**उदेश्य**

१.उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चत्तम परिचालन गरी शिघ्र आर्थिक पुनरुत्थान गर्दै दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा नगरलाई आधुनिक र सुविधा सम्पन्न बनाउने ।

२.सङ्घीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप नगरका सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका महिला, दलित, अपाङ्ग तथा

बालबालिकाहरुलाई आत्मनिर्भर हुने खालका बिभिन्न रोजगारीको लागी सीपमुलक तालिमको माध्यमबाट विकास प्रक्रियामा मूल प्रवाहिकरण गर्ने ।

३. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरणमैत्री शासन पद्धतिको अवलम्बन गरी नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाउने । योजनाहरु संचालनमा सरकारी, गैर सरकारी, सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला निकायहरुको भूमिका स्पष्ट गर्दै सम्पूर्णलाई विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने ।

४. आधारभूत शहरी सेवाको पहुँच नपुगेका नयाँ वडाहरुमा शहरी सेवाको विकास र विस्तार गर्दै सघन शहरी विकास कार्यक्रमसँग आबद्ध गर्ने । नगरपालिका क्षेत्र भित्र एकीकृत जग्गा विकास, बस्ती बिकास र आवास बिहिन तथा आर्थिक रुपले बिपन्न, गरीब र सामाजिक बहिस्करणमा परेका नागरीकका लागी उपयुक्त, सुरक्षित र ब्यवस्थित आवासको ब्यवस्थालाई निरन्तरता दिदै दलित नागरीकको आवास ब्यवस्था गरीनेछ ।

५. नगर क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरु, ताल, तलैया, मठ, मन्दिर, मस्जिद तथा पार्कहरुको संरक्षण र विकास गरी आन्तरिक र बाह्य पर्यटनको प्रर्वद्धन गर्ने ।

६. कर प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन चुस्त, पारदर्र्शी र प्रविधि मैत्री बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व अभिवृद्धि गर्दै आत्मनिर्भर बनाउने ।

७. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार सरसफाई पूर्वाधार विकास जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

८. योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

**प्राथमिकता**

१. शिक्षा, स्वास्थ्य र कृषि लगायत क्षेत्रको पुर्वाधारहरु विकास, विस्तार र संस्थागत सुदृढिकरण ।

२. जयबायु अनुकुल र पानी संरक्षण ।

३. नगरबासीका लागि काम र रोजगारीको अवसरमा बृद्धि गर्न सहयोगी संस्था सँगको समन्वयमा सुलभ ब्याजदरमा ऋणको ब्यवस्था ।

४.सूचना प्रबिधिको बिस्तार, गुणस्तरीय तथा पहुँच युक्त सार्वजानिक सेवा तथा उत्तरदायित्व र पारदर्शीताको सुदृढीकरण ।

५.उप-महानगरपालिका द्‌वारा स्वीकृत भई कार्यान्वयनमा रहेका बहुबर्षीय आयोजना तथा कार्यक्रमहरुको निरन्तरता ।

६. अधुरा योजनाहरुको निरन्तरता ।

## क्षेत्रगत नीति तथा कार्यक्रमहरु

### पुर्वाधार सम्बन्धी

- उपमहानगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरीने, साथै सुबिधा सम्पन्न बनाइनेछ ।
- बस्ती बिकास एवं भवन निर्माण मापढण्डलाई संसोधन गरी समय सापेक्ष बनाईनेछ । नगरक्षेत्रका आवासलाई व्यवस्थित बनाउन पूर्णरुपले भवन आचारसंहिता कार्यान्वयन गरिनेछ ।
- आम सेवाग्राहीहरुलाई सेवा प्रदान गर्ने र जनताको सबैभन्दा नजिक रहेको सेवा प्रदायक वडा कार्यालयहरुको आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणको कार्यलाई निरन्तरता दिने साथै हाल संचालनमा रहेका वडा कार्यालयहरुका भवनलाई आवश्यकता अनुसार मर्मत सम्भार गरी सुबिधा सम्पन्न सहित आधुनिक सूचना प्रबिधि मैत्री र अपाङ्ग मैत्री बनाउन आवश्यक स्रोतको ब्यवस्थान गरिनेछ ।
- भविष्यको पुस्ताको आवश्यकता, नगरको पहिचान तथा विकासको दीर्घकालनी सोंच सहित यस उप-महानगरपालिकामा नयाँ निर्माण तथा बिस्तार गरिने सडकको चौडाइ कम्तिमा २० फिट कायम गर्ने नीति लिइनेछ ।
- पुराना बस्तीहरुमा रहेका १३ फिट भन्दा कम चौडाई भएका सडकहरुमा कालोपत्रे र ढलान नगरी पानी तथा वाताबरण संरक्षणमा समेत मदत हुने प्रविधी युक्त इन्टर लक गरीनेछ ।
- निर्मित पूर्वाधारको मर्मत संभारको लागि मर्मत संभार कोषको स्थापना गरिएको छ । उक्त कोषबाट साविकमा निर्मित संरचनाहरुको मर्मत संभार तथा तत्काल गर्नु पर्ने मर्मत संभारको कार्यलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ ।

- उपभोक्ता समितिहरुको माध्यमबाट गरिने सबै बिकास निर्माण कार्यमा लाभान्वित समुदायबाट ४ प्रतिशत श्रमदानको सुनिश्चितता भई नगद रकम बैक दाखिला भए पछि मात्र ९६ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- नक्सा पासको लागि पेश गरिने नक्सा नगरपालिकाकै इन्जिनियरद्वारा तयार गर्न लगाइनेछ र सो बाट प्राप्त राजश्वको ३० प्रतिशत प्रोत्साहन वापत नक्सा तयार गर्ने सम्बन्धित इन्जिनियरलाई दिइनेछ । साथै नक्सा तयार र अनुमति सम्बन्धि कार्य ४५ दिन भित्र पुरा गरिनेछ ।
- नाया निर्माण गरीने सम्पुर्ण घरहरुमा पानी संरक्षण गर्न GROUND WATER RECHARGE हुने गरी घरबाट निस्केका फोहर पानी SOAKPIT निर्माण गरे पछिमा मात्र घरको निर्माण सम्पन्न प्रमाण पत्र दिइनेछ ।
- नाया निर्माण हुने घरहरुमा ब्यपारिक क्षेत्रमा घरको छतमा कम्तीमा १० वटा गमला राखी फलफुल रोप्नु पर्नेछ । भने आवसीय क्षेत्रमा कम्तीमा २ वटा रुख रोपेपछि मात्र घरको निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ । यसका लागी भरत चौकलाई केन्द्र मानि ५०० मिटर उत्तर र ५०० मिटर दक्षिण त्यस्तै ५०० मिटर पुर्व र २०० मिटर पच्छिमको क्षेत्रलाई ब्यपारीक क्षेत्र मानिनेछ ।
- कलैया नेपालमै क्रिकेटको विकासमा अग्रणी भूमिका खेल्दै आएको छ । क्रिकेटको विकास र विस्तारको लागि संघ तथा प्रदेश सरकार, राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था संग सहकार्य गरि राष्ट्रिय स्तरको क्रिकेट रंगशाला तयार गरिनेछ ।
- सवै बस्तीहरुमा खानेपानी तथा सरसफाईजन्य क्रियाकलापहरुलाई उच्च प्राथमिकता सहित संचालनमा रहेकालाई निरन्तरता दिइनेछ । साथै ओभरहेड टंकी निर्माण कार्यलाइ निरन्तरता दिदै नयाँ ओभरहेड टंकी निर्माणको लागी दातृ निकायहरु सँग साझेदारीमा सहकार्य गरीनेछ ।
- नगरका सबै वडालाई सडक संजाल संग जोड्न चक्रपथ(Ring Road) निर्माणका लागि सम्भाव्यता अध्ययन र DPR लगायतका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

- सेवाग्राहीले कुनै किसिमको निर्माण गर्दा बनेको संरचनामा कुनै किसिमको हानि नोकसानी भए त्यसको मर्मत र क्षति पूर्ति स्वमं सेवाग्राहीले गर्नुपर्ने र नगरेको खण्डमा नगरपालिकाले असुल उपर गर्न बाध्य हुनेछ ।
- वातावरण सन्तुलन तथा हरित नगरको रुपमा यस नगरपालिकालाई देशमा चिनाउनलाई बन्दै गरेको नया सडक र पुराना सडकहरुको पेटीमा व्यावसायीक बृक्षारोपन कार्य गरिने छ ।
- सडक गुरुयोजना (MTMP) तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सिंचाइको लागि खेति योग्य जमिन भएको वडाहरुमा विद्युत लाइन र पोलहरु जडान गरिनेछ ।
- भूमिगत प्रयाप्त पानी भएको ठाउमा डिप बोरिंग जडान गरि सुगम र सुलभ सिचाईको लागि भूमिगत पाईप लाइन वितरण गरिनेछ ।
- एकीकृत नगर विकास योजना तथा आवधिक योजना तर्जुमाको काम अगाडी बढाइने छ ।
- व्यापार व्यवसायलाई प्रवर्धन गर्न शपिंङ्ग कम्प्लेक्स निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

**सामाजिक विकास**

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्दै बिधालय सुधारका कार्य अगाडी बढाइनेछ र न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिकैको विद्यालयमा मर्ज गरि शिक्षक दरबन्दी समेत मिलान गरिनेछ ।
- माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा गणित प्रयोगशाला स्थापना गरिनेछ ।
- कमजोर सिकाई उपलब्धी भएका विद्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा संचालनको लागी रकम उपलब्ध गराईनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ ।

- बालविकास सहजकर्ता विकास तालिम र शिक्षकहरुको पेशागत तालिम प्रदान गरिनेछ ।
- विद्यालय सहायक र प्र.अ.लाई SIP, IEMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।
- सामुदायीक बिधालयका प्रधानाध्यापकहरुलाई साबिक देखि दिदै आएको प्र. अ. भत्ता पुनरावलोकन गरीनेछ ।
- विद्यालयमा अतिरिक्त कृयाकलाप संचालन गरी विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरिनेछ । प्रत्येक विद्यालयले महिनाको कम्तिमा दुई शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गर्नु पर्ने छ । सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा शिक्षणको लागी प्रोत्साहन गरिनेछ । कक्षा ४ सम्म गणित बिषय अग्रेजी माध्यमबाट अध्ययन अध्यापन हुदै आएकोमा अगामी आ.ब. कक्षा ५ मा गणित बिषयको साथै बिज्ञान तथा प्रविधी थप बिषयलाई समेत अग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराइनेछ ।
- बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु लाई दिदै आएको प्रोत्साहन अनुदान लाई निरन्तरता दिइनेछ ।
- एक विद्यालय एक फुलवारीको अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- लक्षित समुह तथा पिछडिएको क्षेत्रमा भएको विभेदलाई न्यूनिकरण गर्दै शिक्षा प्रणालीमा पहुँच सहभागिता तथा सिकाइ उपलब्धीका दृष्टिले समावेशिता तथा समता सुनिश्चित गरिनेछ ।
- बालविकास देखि कक्षा ६ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरीनेछ ।
- विद्यालयको भौतिक निर्माण विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- उत्कृष्ट विद्यालयको प्रधानाध्यापक र शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगर भित्रका टुहुरा असाहय बालबालिकाहरुलाई नि:शुल्क आवास र अध्ययनको व्यवस्था गरिनेछ ।
- विद्यालयमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ ।

- स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।
- १० वर्षे नगर शिक्षा योजना तथा पार्श्वचित्र  निर्माण गरिनेछ ।
- सबै विद्यालयमा वि.स.अ. र शि.स.व्य. रहने सुनिश्चितता गरिनेछ ।
- प्रत्येक विद्यालयमा अतिरीक्त कृयाकलाप संचालनलाई व्यवस्थित गरिनेछ।
- बिधालयलाई शिक्षा बिज्ञान तथा प्रविधी मन्त्रालयले तोके बमोजिमको एउटै रंगमा रंगाउने कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षा तथा खेलकुद महाशाखामा हुने विभिन्न कार्यलाई छिटो छरितो तथा सहजता प्रदायक गर्नका लागि आवश्यक विभिन्न सफ्टवेयरहरुको व्यवस्था गर्दै लगिनेछ ।
- नमुना तथा उत्कृष्ठ विध्यालयहरु प्र.अ.हरुबाट अध्ययन भ्रमण गरि सिकाइ आदान प्रदान गरिनेछ ।
- सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवजात शिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक भत्ता तथा सहयोग सामाग्रीको ब्यवस्था गरिने छ ।
- उच्च रक्तचाप, मधुमेह , नसर्ने रोगको निशुल्क औषधि वितरण गरीनेछ ।
- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै विध्दुतिय माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment- RDQA), न्यनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS- Assessment) र समिक्षा कार्यलाइ ब्यवस्थित बनाइने छ ।

- बिपन्न नागरीकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन रोग उपचारको लागी ऋणको पासो पर्नबाट जोगाउन बिपन्न नागरीक निशुल्क बिमा कार्यक्रम शुरु गरिनेछ ।
- न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ । स्वाथ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नको लागी आवशयक तालिम दिईनेछ तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ ।
- महिला स्वास्थ्य सुधार गर्नको लागी पहुच भन्दा टाढाको बस्तिमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर, पाठेघर चेकजाच शिबिर संचालन गरीनेछ ।
- उपमहानगरबासिहरुको स्वास्थ्य प्रर्बधन गर्न पंचकर्ममा जोड दिनुको साथै योग तथा ध्यान सिबिर संचालन गरिनेछ ।
- स्थानिय स्वास्थ्य सस्थाहरुलाई ब्यवस्थित गर्न तथा सुशासन कायम गर्न स्थानीय स्वास्थ्य सस्था सन्चालन तथा ब्यवस्थापन समितिलाई क्षमता अभिबृधि गरिनेछ ।
- स्वास्थ्य संस्था अन्तर्गत रहेका आमा समुहहरुको नियमित बैठक संचालन गरीनेछ ।
- महिलाहरुमा पाठेघरको समस्या पता लगाई सोको समाधानका लागी विशेषज्ञ डा. सहितको निःशुल्क पाठेघर शिविर संचालन गरीनेछ ।
- परिवार नियोजन सेवाको पहुँच बढाउन ग्रामिन भेगमा निःशुल्क महिला तथा पुरुष बन्धयाकरण शिविर संचालन गरीनेछ ।
- स्थानीय स्तरमा सुशासन व्यवस्थापन र पार्दर्शिता कायम गर्न नियमित रुपमा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परिक्षण गरीनेछ ।
- घर घरमा स्वास्थ्यकर्मी गई प्रसुती जाँचकार्य लाई व्यवस्थापन गरीने छ ।
- जेष्ठ नागरीक तथा अशक्त व्यक्तिहरुलाई स्वास्थ्य सेवाको अनुभुती तथा उपभोग गराउन घरघरमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँचको व्यवस्था गरीनेछ ।

- यस कलैया उपमहानगरपालिका भित्र सरकारी स्वमीत्वमा रहेको जगामा तराई मधेशको साँस्कृति सम्पदा झल्किने गरी म्यूजियम, संग्राहलय भवन निर्माण गर्ने र वडा बस्तीबाट कला, सामाग्रीहरु प्रदर्शनको लागि राखिनेछ ।
- २७ वटै वडामा रहेको मठ, मन्दिर, मस्जीद, चौर चौराहा, एलानी जगा संरक्षण गर्न वडा अध्यक्षको अध्यक्षतामा समिति गठन गरिनेछ ।
- बाराको कलैया उपमहानगरपालिका स्थित छरिएर रहेका विभिन्न गैह्र सरकारी संघ संस्थाहरुलाई एकबद्ध गरि नगरपालिकाको दिगो विकासमा हातेमालो गर्दै अगाडी बढ्न समन्वय र सहकार्य गरिनेछ ।
- दिगो विकासका मान्यतालाई अभ्यासमा ल्याई हातेमालो गर्दै अगाडी बढने ।
- जेष्ठ नागरीक, महिला तथा बालबालिका, विधुवा, एकल महिला, यौनिक लैङ्किकहरुको लागि सम्मान कार्यक्रमको कार्यक्रम संचालन गरिनेछ ।
- दाइजो प्रथा, बाल विवाह र महिला हिन्सा सम्बन्धी व्यवहार परिवर्तनको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- २७ वटै वडाका वडा अध्यक्ष ज्यूहरु र वडा सचिवहरुलाई सामाजिक सुरक्षा भत्ता समयमै वितरण हुन बारे र क्षमता अभिबृद्धि सम्बन्धी अभिमुखीकरण गराईनेछ ।
- व्यक्तिगत घटना दर्ता ( जन्म दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद, विवाह दर्ता र बसाई सराई ) घटना भएको ३५ दिन भित्र सम्बन्धि वडा कार्यालयमा दर्ता गराई सक्नुपर्ने निमय पालना गर्न गराउन वडा समितिमा प्रचार प्रसार तथा पत्राचार गरिनेछ ।
- पूर्ण रुपमा ब्यक्तिगत घटना दर्तालाई अँनलाईन प्रविधि मार्फत गर्ने गराउने भएकोले वडा सचिवहरुलाई पूर्नताजगी तालिम अनलाईन प्रविधि बाट गर्न गराउन प्रोत्साहीत गरिनेछ ।
- महिला बालवालिका, किशोर किशोरी अपाङ्गता, तेस्रो लिङ्गी विरुद्ध हुने, सबै प्रकारका हिंसा अन्त्य गरिनेछ ।
- बालवालिकाको हक अधिकार संरक्षण गर्दै सर्वोत्तम हितलाई प्राथमिकता दिनेछ ।
- ज्येष्ठ नागरिक हक, अधिकारको सम्मान, संरक्षण र प्रर्वद्धन गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको हक हित प्रर्वद्धन गरिनेछ ।
- आर्थिक सामाजिक रुपले पछाडी परेका विपन्न महिलाहरुको लागि आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, न्यायमा पहुँच तथा संरक्षणात्मक उपायहरु अबलम्वन गर्ने ।
- महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धीहरु संस्थागत गर्दै महिला समुहद्वारा प्रर्वद्धित महिला सहकारी संस्थाहरुलाई महिलाहरुको उत्पादनमूलक व्यवसाय तथ स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विशेष छुट र सहुलियतको व्यवस्था गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोगी सामाग्री वितरण तथा आयआर्जन हुने कार्यक्रमहरु संचालन गर्ने ।

**आर्थिक विकास**

- सबै प्रकृतिका सहकारीहरुको प्रवर्द्धनका लागि सम्बन्धित पक्षहरुसग आवश्यक समन्वय गरि नीति नियमहरु निर्माण गरिनेछ । सहकारीको माध्यमबाट पुजी परिचालन गरी रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व (CORPORATE SOCIAL RESPONSIBILITY) बहन गर्नसहकारी संस्थाहरुलाई प्रोत्साहन गरिने छ ।
- सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरि संस्थागत सुशासन कायम गरिनेछ
- पारदर्शिता, प्रभाबकारीता, जोखिम न्यूनिकरण गर्दै सहकारीलाई समृद्धिको साधन बनाइनेछ ।
- सहकारीलाई गुणात्मक बनाउन सहकारी संस्थाहरुको एकीकरण कार्यलाई अगाडी बढाइनेछ ।

- सहकारी तथा गरिबी निवारण व्यवस्थापन प्रणाली (COPOMIS) लाई कार्यान्वयन गरिनेछ ।
- उपमहानगर क्षेत्रभित्र निष्क्रिय संस्थाहरुलाई सक्रिय रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ । यसरी प्रोत्साहन गर्दा पनि वेवास्था गर्ने संस्थाहरुको दर्ता खारेजी तथा विघटन गरिनेछ ।
- सहकारी संस्थाहरुको प्रवर्धनात्मक कार्यहरु तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ ।
- उद्योग व्यवसाय दर्ता, नवीकरण, ठाँउसारी, नामसारी लगायतका प्रशासनिक प्रकृयालाई प्रविधिमैत्री बनाई सरलिकृत गरिनेछ ।
- उपमहानगरको समग्र विकासमा बारा उद्योग वाणिज्य संघसग जिम्मेवार साझेदारको रुपमा सहकार्यको नीति लिईनेछ ।
- उद्योगको विस्तार, लगानी प्रवद्र्धन तथा रोजगारी बढाउन उपयुक्त स्थानीय नीति तथा कानुन सहित सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्य अगाडि बढाईनेछ ।
- कलैया क्षेत्र भित्रको पर्यटन विकास तथा प्रवद्र्धनका लागि सामाजिक संजाल र सुचना प्रविधिको माध्यमबाट प्रचार–प्रसारका साथै ऐतिहासिक र महत्वपूणर् सम्पदाहरुको संरक्षण र संवद्र्धन गर्ने नीति लिइनेछ ।
- कलैयाका विभिन्न मठमन्दिर, मस्जिद, गुम्बा लगायत विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन लगायतका विभिन्न संभावना बोकेका स्थलहरुको प्रबद्र्धन गरिनेछ ।
- पर्यटन विकास र प्रवद्र्धनका लागि गुरुयोजना बनाई परियोजना सञ्चालन गर्न संघ, प्रदेश र निजी क्षेत्रहरुसग सहकार्य गरिनेछ । साथै यस क्षेत्रमा लगानी गर्ने लगानीकर्तालाई सहयोग र सहजीकरण गरिने छ ।
- दिगो विकास लक्ष्यको कार्यान्वयनको लागि संस्कृति संरक्षण तथा पर्यटन प्रवद्र्धन सम्बन्धि योजना तथा कार्यक्रम सञ्चालनमा सहयोग गर्ने निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा निकायहरुलाई लगानीमैत्री वातावरण तयार गरी साझेदारीमा जोड दिइने छ ।

- "**हामीले तिरेको कर, नगर विकासको आधार**" भन्ने नीति लिइनेछ ।
- उपमहानगरपालिकाको राजस्व प्रशासनलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन उपमहानगरपालिकाको २७ वटै वडा कार्यालयहरूमा अनलाईन प्रणालीबाट राजस्व सङ्कलन गर्ने तथा सेवाग्राहीले आफूलाई पायक पर्ने कुनै पनि ठाउँमा गएर राजस्व बुझाउन सक्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको आन्तरिक राजस्वलाई बढोत्तरी गर्न विभिन्न करका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी राजस्वको दायरालाई वृद्धि गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रभित्रका सबै व्यवसायीहरूलाई करको दायरामा समेट्ने प्रयोजनका लागि व्यवसायीहरूको तथ्याङ्क अध्यावधिक गर्न व्यवसाय कर सङ्कलन, घर बहालकर सङ्कलन गर्ने  टोली परिचालन गरिनेछ ।
- कर संकल्न बृद्धि गर्न नगरपालिका / वडा कार्यालय कुनै पिन सेवा दिनु भन्दा अगाडी कर चुक्ता प्रमाण पत्र लिनु पर्ने ब्यवस्था मिलाइनेछ ।
- घर बहाल करलाई दायरामा ल्याउनको लागि सम्पत्ति कर बुझाउने क्रममा उल्लेख भएको संरचनामा स्व–घोषणा विधिबाट कर संकलन गर्न थालनी गर्ने नीति लिइनेछ ।
- सेवाग्राहीहरूलाई कम्प्युटरीकृत प्रणालीको माध्यमबाट झन्झट रहित सेवा प्रदान गरिनेछ ।
- व्यवसाय करलाई व्यवस्थित गर्न र नीजि क्षेत्रको सहभागितालाई अझ प्रभावकारी बनाई व्यवसायको कारोबार एवम् पूँजीको आधारमा व्यवसाय वर्गीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकामा भएको आन्तरिक आम्दानीको मासिक विवरण नगरपालिकाको वेभसाईटमा राखिनेछ ।
- नगरपालिकामा सबैभन्दा बढी कर तिर्ने करदाता, रोजगारी सृजना गर्ने एवम् नगरलाई आर्थिक रूपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी/उद्योगी र सबैभन्दा बढी राजस्व संकलन गर्ने कर्मचारी/वडा सचिवलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिने छ ।

- यस उपमहानगरपालिकाको राजस्व परिचालन सहज बनाउन आवश्यक नीति तथा मापदण्ड बनाइनेछ
- उपमहानगरपालिकाको २७ वटै वडामा करदाता शिक्षा सञ्चालन गरिनेछ ।
- राजस्व परामर्श समिति अध्ययन प्रतिवेदन र राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजना बनाइनेछ ।
- व्यवसाय कर र बहाल कर वडा कार्यालयबाट नै संकलन गर्ने व्यवस्था मिलाइनेछ । र सो बापत संकलन भएको राजस्वको ५० प्रतिशत रकम सम्बन्धित वडालाई विकास कार्यमा खर्च गर्न थप दिइनेछ ।
- बढी प्रदुषण गर्ने ईटा भट्टा, चिनी मिल, टिपर लगायत बाट बाताबरण संरक्षण कर सङ्कलन गरीनेछ । सो बाट संकल्न भएको राजश्वलाई बाताबरण संरक्षणको क्षेत्रमा खर्च गरीनेछ ।
- कृषिको उत्पादन तथा उत्पादकत्व वृदिमा बीउको अहम भुमिका रहने भएकोले उन्नत बीउ तथा मूल बीउ उत्पादन गर्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- कृषिको उत्पादन लागत घटाउन तथा कृषि क्षेत्रमा रहेको अर्ध रोजगारीमा सुधार गर्न कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ र ५० प्रतिशत अनुदानमा बिउ, कृषि यन्त्र उपकरण उपलब्ध गराउन बजेट व्यवस्था गरिने छ।
- उपमहानगर भित्रका खेती योग्य जमिनमा सिंचाईको प्रयाप्त सुनिश्चित गर्न भइरहेको जीर्ण अवस्थामा रहेका नहर कुलोको मर्मत गर्ने तथा कृषकहरुलाई साना सिंचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ।
- स्थानिय कृषि उपजहरुको बजारीकरणका लागि आवश्यक पुर्वाधारमा लगानी गरिने छ। एक वडा एक हाट बजार स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- कृषकहरुको क्षमता अभिवृदि गर्ने तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन गरिनेछ।

- कृषिको लागत घटाउन र कृषकको मनोबल उच्च पार्न कृषि सिचाइको लागी बिधुत महसुलमा अनुदान उपलब्ध गराइनेछ ।
- कृषि योग्य भुमिको पुर्ण उपयोग सुनिश्चित गर्न उपमहानगर भित्र रहेका खेति योग्य बाँझो जग्गामा सामुहिक खेती गर्न लिजमा जग्गा उप्लब्ध गराईनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न चाहने कृषकहरुलाई अनुदान दिने व्यवस्था गरिनेछ।
- कृषि उत्पादन पश्चात गरिने प्रशोधनका लागि साना खाले प्रशोधन उधोग स्थापना गर्नका लागि कृषि सहकारी तथा समुहहरुलाई प्रोत्साहन गरिनेछ।
- कृषि बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकले आफ्ना कृषि बालीहरुको बीमा गर्दा लाग्ने प्रिमियम शुल्कमा अनुदान दिने व्यवस्था मिलाइनेछ।
- कृषि सुचना प्रणालिको विकास गरि उपमहानगरका प्रत्येक कृषकलाई त्यसमा आवद गरिनेछ। कृषिको तथ्यांकलाई सुदृढीकरण गरिनेछ।
- माटो संरक्षण गर्नको निम्ति माटो जांचको व्यवस्था मिलाइनेछ।
- कृषकहरुको समस्यालाई सामाधान गर्नको लागि वाली संरक्षण शिविर आयोजना गरिनेछ।
- एक वडा एक पकेट क्षेत्रको विस्तार गर्न कार्यक्रम संचालन गरिनेछ।
- आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरुको जीविकोपार्जनका लागी निर्वाहमुखी पशुपन्क्षी पालन कार्यक्रम कार्यावन्यन गरिनेछ।
- पशुजन्य पदार्थहरुको उत्पादन लागत न्युनीकरण गर्न बहुवर्षीय हरियो घाँस बिकास कार्यक्रम प्राथमिकताका साथ कार्यवन्यन गरिनेछ।
- पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृदि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम र बाँझोपनको समस्या निराकरण गर्न घरदैलो घुम्ती शिविर कार्यक्रम संचालन गरिनेछ।

- पशुपंक्षीहरुको रोग निरोधात्मक प्रतिरोधात्मक र उपचारात्मक तथा महामारीजन्य रोगहरुको प्रभावकारी नियन्त्रण कार्य गरिनेछ ।
- मासुको लागी बिक्रि गरिने खसी बोकाको बजार व्यवस्थापनका लागी निर्माणमा सहयोग र उपभोक्ताहरुलाई स्वच्छ र स्वस्थ माछा मासु उपभोगका लागी आवश्यक कार्यक्रम संचालन गरीनेछ ।
- मत्स्य व्यवसाय प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- आप्रवासी श्रोत केन्द्रको आवश्यकता महशुश गरी यस उपमहानगरपालिका आफैले आप्रवासी श्रोत केन्द्र  निरन्तर रुपमा सञ्चालन गर्ने ।
- आन्तरिक रोजगारीको अवसरले मात्र बाध्यात्मक वैदेशिक रोजगारीलाई कम गर्ने हुँदा सम्बन्धित सरकारी निकाय, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी आन्तरिक रोजगारीलाई प्रवद्र्धन गर्ने ।
- वैदेशिक रोजगारमा रहेका कामदारका परिवारले वैदेशिक रोजगारबाट प्राप्त गरेको विप्रेषणलाई उद्यम व्यवसायमा लगानी गर्न प्रोत्साहन गरी लगानीका लागि आवश्यक पर्ने वातावरण सृजना गरिने छ । यसका लागि व्यवसायको सम्भाव्यता अध्ययन गर्ने र उद्यमशिलता तथा सिप विकास तालिम प्रदान गरिनेछ ।
- आप्रवासी श्रोत केन्द्र, स्थानीय परामर्श दाता, सामाजिक परिचालक, सहजकर्ता, स्वयंसेवक, नागरिक अगुवा आदिको सहयोगमा सुरक्षित वैदेशिक रोजगारी र पुनःएकीकरण सम्बन्धी तथ्य परक सूचना तथा जानकारीहरु प्रदान गराइनेछ ।
- यसै गरी वैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गरिरहेका मध्ये उत्कृष्ट व्यवसायीहरुलाई वार्षिक रुपमा नमूना उद्यमी पुरस्कार प्रदान गरिनेछ ।
- यस स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरु लाई यूवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराईनेछ।

- दक्ष तथा सक्षम जनशक्तिको विकाश गरी आन्तरिक रोजगारी प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्था सङ्ग समन्वय गरि प्लम्बर तथा ईलेक्ट्रिसियन डकर्मी सिकर्मी ईलेक्ट्रोनिक्स समान मर्मत सम्बन्धी तालिम दिईनेछ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारिका क्षेत्र विस्तार गरिनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिईनेछ।
- पालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने आयोजनामा लाग्ने निर्माण समाग्री र औजारहरु तथा आयोजनामा खटिने श्रमिकको ज्यालामा साझेदारी गरी कार्यक्रमलाइ थप प्रभावकारी बनाउनको लाग पालिकाबाट बजेट बिनियोजन गरीनेछ ।
- वडा नं .६ स्थित कृषि बजारलाई थप विस्तार गर्न छिटो संचालनमा ल्याउन उधोग वाणिज्य संघसंग सहकार्य गरिनेछ र कलैया हाट बजार भित्र रहेको माछा मासु पसल र सडक छेउमा रहेको माछा मासु पसललाई कृषि बजार भित्र सारिनेछ ।
- उपभोक्ताको हकहित संरक्षण गर्न नियमित बजार अनुगमनका कार्यक्रम संचालन गरिनेछन् ।
- नागरिकहरुको जिवधनको सुरक्षाको लागि सुरक्षा निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ । ठाउँ–ठाउँमा सी.सी.क्यामेरा राखिनेछ ।

**वातावरण संरक्षण तथा विपद व्यवस्थापन**

- स्थानीय विपद् जोखिम न्यूनिकरण रणनितिक कार्ययोजना तथा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधीक गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ । साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा

गरि कार्यान्वनमा ल्याउनेछ । यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

- कलैया उपमहानगरपालिकाको योजना बद्घ विकास गरी सुन्दर कलैया निर्माणका लागि भू-उपयोग नीति तयार गरी कार्यान्यवन प्रारम्भ गरिनेछ ।
- कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन र कोरोना कोषमा आवश्यक बजेटको व्यवस्था गरी विपद् जोखिम न्यूनिकरणका लागि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- नदी कटानको जोखिम न्यूनीकरण गरी बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- फोहरमैला ब्यवस्थापनलाई प्रभावकारी बनाउन फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ । सरसफाई तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा विभिन्न सूचकहरु निर्धारण गरी सरसफाई युक्त नमूना बस्ती घोषणा गरिनेछ र यस्ता वस्तीहरुलाई विशेष रुपमा प्रोत्साहित गरिनेछ ।
- फोहरमैला ब्यवस्थापनका लागि टोल बिकास संस्था,जेसिस जस्ता सकृय र सेवा मुलक संस्थाहरु संग सहकार्य गरीनेछ ।
- जलवायु परिवर्तन, अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धि तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिने र विपद् प्रभावित क्षेत्रबाट तथ्याङ्क संकलन गरि आवश्यक राहतका लागि व्यवस्था गरिनेछ ।
- जलबायु परीवर्तन तथा अनुकुलनका लागी बृक्षारोपन कार्याक्रमलाई अभियानकै रुपमा संचालन गरीन्छ ।
- पानीको सतह घट्दै गएकोले पानीको संरक्षणको लागी प्रत्येक घरमा SOAKPIT निर्माण गर्नु पर्ने ब्यवस्था कडाइका साथ लागु गरीनेछ । यसका लागी टोल बिकास संस्था, गैर सरकारी संस्था, जेसिस लगायतका संस्था संग साझेदारी गरीनेछ ।
- फोहोरमैला वर्गीकरण कार्यलाई घर र समुदाय स्तरबाट शुरुवात गरिनेछ ।

- फोहोर मैलाबाट मल बनाउने तथा पुनःप्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिई अगाडी बढाइनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागी डम्पिङ्ग साईट तथा त्यस संग सम्बन्धीत बाटो घाटो समेत निर्माण कार्यलाई उच्च प्राथमिक्ताका साथ अगाडी बढाइनेछ ।
- कलैयाको भरत चौक वा आसपास क्षेत्रमा आधुनिक सुबिधा सम्पन्न सार्वजानिक सौचालय निर्माण गरीनेछ ।

**न्याय सम्पादन**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको निरुण, मेलमिलाप गर्न आवश्यक नीति तथा कानूनको निर्माण र परिमार्जन, संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।
- न्याय सम्पादनलाई प्रभावकारी र सहज बनाउदै सबै वडाहरुमा स्थापित मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाईनेछ । नगरपालिकाको कामकारवाहीलाई व्यवस्थित बनाउन नीति, कानून, निर्देशिका आदि एकद्वार प्रणालीबाट निर्माण गरिने नीति लिइनेछ ।
- न्यायिक समिति बाट सम्पादन हुने कार्य तथा प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- स्थानीय तहहरु मध्ये नमूना कार्य सम्पादन गर्ने न्यायिक समितिबाट एक छनौट गरि न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुबाट अवलोकन भ्रमण गरि त्यहा भएका असल अभ्यासहरुलाई आन्तरिकीकरण गरिने छ ।
- स्थानीय तह सँग सम्बन्धित समसामयिक कानून र व्यवाहारिक समस्या सम्बन्धमा जनप्रतिनिधी र कानून शाखा विच अन्तरक्रिया, छलफल, गोष्ठि संचालन गरि वडास्तर बाट प्रवाह हुने सेवालाई थप प्रभाबकारी बनाइनेछ ।
- मानव अधिकार क्षेत्रको संरक्षण, संबद्र्धन र प्रबद्र्धन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलाप कर्तालाई तालिम प्रदान गरी सक्षम र दक्ष बनाइनेछ ।

**संस्थागत क्षमता तथा जनशक्ति विकास**

- कर्मचारीको व्यवस्थापन उचित तरिकाले गर्न र कर्मचारीको अधिकतम उपयोग गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।
- यस उपमहानगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमणमा विशेष जोड दिइनेछ । कार्यरत कर्मचारीहरुको कार्यक्षेत्रसँग सम्बन्धति ज्ञान, सीप तथा दक्षता बढाएर उत्प्रेरित गर्न तालिमको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुलाई सजग तथा काम प्रति थप उत्प्रेरित बनाउन खाइपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- वारुणयन्त्र सेवामा कार्यरत कर्मचारीहरुलाई आधारभूत तलबमानको १५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराइनेछ ।
- यस उ.म.न.पा. भित्र सुचना तथा संचारहरुको आधुनिक प्रविधि जडान गर्नुका साथै पूर्ण रुपमा विस्तारमा ल्याई नगरपालिकालाई सुचना प्रविधिमैत्री बनाइने छ ।
- यस उ.म.न.पा. भित्रका सामुदायिक विद्यालयहरुमाe-attendance, CCTV Camera, Digital Notice Board, School related multi functional software जडान कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- उ.म.न.पा. भित्रका जिल्ला अस्पताल र स्वास्थ्य चौकीहरुबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु Online मार्फत नगरबासीहरुलाई सहज रुपमा उपलब्ध गराइनेछ ।
- नगरपालिका कार्यालय देखि वडा सम्म Online प्रणालीबाट कामकाज गर्न प्रोत्साहन गरिनेछ । यसका लागि वडा सचिवलाई प्रोत्साहन गर्न पूर्णरुपमा Online कार्य गर्ने सचिवलाई मासिक रु. १५००/- Online वर्क भत्ता दिइनेछ ।
- वडा कार्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाइने छ ।
- यस उ.म.न.पा. मातहतका सवारी साधनहरुमा GPS tracking system जडान गरी सवारी साधनहरुलाई निगरानी गरिनेछ ।
- छिटो छरितो, मितब्ययी, पारदर्शी र प्रभावकारीरुपमा सेवा र सुविधाहरु सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत सर्बसुलभरुपमा उपलव्ध गराइनेछ।

- नेपाल दूर सञ्चार प्राधिकरण तथा अन्य सरोकारवालाहरूसँग सहकार्य एवं समन्वय गरी सामुदायिक सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।
- सेवा प्रदायकसँगको सहकार्यमा न.पा. तथा वडाको बिचमा इन्टरनेट तथा इन्ट्रानेट जडान तथा सञ्जाल विस्तार गरिनेछ ।
- सर्वसाधारण तथा सेवाग्राहीको पहूँच हुने गरी निःशुल्क वाईफाई क्षेत्र (Free Wifi Zone) को विस्तार गरिनेछ ।
- वडा स्तरबाटै योजना तथा कार्यक्रम संचालन गर्ने गरी जिम्मेदारी हस्तान्तरण गरीनेछ ।
- कार्यालयबाट हुने सेवा प्रवाह र सम्पादन भएका महत्वपूर्ण कार्यहरूको विषयमा डिजिटल सूचना पाटी (Digital Notice Board) को विस्तार गरिनेछ ।
- सामुहिक सूचना संप्रेषणका लागि सामुहिक एसएमएस सेवा (Group SMS Service) को प्रयोगलाई बिस्तार गरिने छ ।
- गुणस्तरीय सिसिटिभी क्यामेराको जडान तथा प्रयोग गरी कार्यालय भित्र तथा बाहिर भएका गतिबिधिहरुमा निगरानि गरिनेछ ।
- कार्यालयको गतिविधी, नागरिक बडापत्र लगायतको जानकारी समेटिएको मोबाईल एप (Mobile App)को विकास गरी प्रयोगमा ल्याउने व्यवस्था गर्ने ।
- कार्यालयमा रहेका साविकका हस्तलिखित दस्तावेजहरूलाई कम्प्युटर प्रणालीको प्रयोग गरी डिजिटल दस्तावेज बनाउने व्यवस्था गर्ने ।
- कार्य सम्पादन तथा सेवा प्रवाहमा सफ्टवेयर प्रणाली (Software System) हरूको विस्तार गरिदै लगिनेछ ।
- जनशक्ति विकास तालिम, स्थानीय तहका कर्मचारीहरुको लागि कम्प्युटर संचालन सम्बन्धी आधारभुत तालिम , स्थानीय तहका कर्मचारीहरुको लागि सफ्टवेयर संचालन सम्बन्धी तालिमको व्यवस्था तत्काल गरिनेछ ।

सभासदस्यज्यूहरु,

अब म आ.ब. २०७९/२०८० को जेष्ठ मसान्त सम्मको यथार्थ आय ब्यय विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

चालु आ.ब. २०७९/२०८० मा नेपाल सरकार समानिकरण अनुदान रु. २७,२५,६२,५००.०० नेपाल सरकार शशर्त अनुदान चालु रु. ४८,९०,३६,०००.००

नेपाल सरकार शशर्त अनुदान पुजिगत रु. ५,६२,२५,०००.०० नेपाल सरकार बिषेश अनुदान रु. १,७५,०००००.०० नेपाल सरकार समपुरक अनुदान रु. २,००,००,०००.०० प्रदेश सरकार समानिकरण अनुदान रु. १,५७,६८,७५०.०० प्रदेश सरकार शशर्त अनुदान रु. ०.०० प्रदेश सरकार बिषेश अनुदान रु. ०.०० प्रदेश सरकार समपुरक अनुदान रु. ०.०० संघीय सरकार राजश्व वाडफाड रु. १०७३७५७८७.२९ प्रदेश सरकार राजश्व वाडफाड रु. १,९७,४२,५९२.०० स्थानीय राजश्व वाडफाडबाट रु. ३,३४,५९,९७३.०९ आन्तरीक श्रोतबाट रु. ४,१९,९९,३७१.९५ जनसहभागिताबाट प्राप्त रु ४०,४०,४७५.७६ र गत बर्षको आल्या रु. १६७१३८८१०.७८ गरी कुल जम्मा रु. १,२३,८६,०४,७९३.५३ आम्दानी प्राप्त भएको छ । माथि उल्लेखित बिबरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गरीएको छ ।

२०७९/२०८० को जेष्ठ मसान्त सम्मको यथार्थ ब्यय विवरण

चालु आ.ब. २०७८/२०७९ मा सो बाट आ.ब. २०७९/२०८० मा सो बाट चालु खर्च (पालिका) २६,३८,०१,८७१.०० र पुजीगत खर्च (पालिका) ३०,८६,१५,२७५.४४ चालु खर्च (शशर्त संघ) ४०,१८,७८,३१२.१६र पुजीगत खर्च (शशर्त संघ) ४,१७,४५,४०१.४७ समपुरक खर्च (संघ) १,८७,७०,५४२.१८ बिषेश खर्च (संघ) १,१२,४६,८४८.५२ चालु खर्च (प्रदेश) ०.०० र पुजीगत खर्च (शशर्त प्रदेश) ०.०० समपुरक खर्च (प्रदेश) ०.०० र बिषेश खर्च (प्रदेश) तर्फ रु. ०.०० गरि जम्मा रु. १,०४,६०,५८,२५०.७७ खर्च भइ बाकी रु. १९,८७,९१,०१०.१० मौज्दात रहेको छ । माथि उल्लेखित बिबरण अनुसूची २ बमोजिमको ढाँचामा तयार गरीएको छ ।

सभासदस्यज्यूहरु,

अब म अगामी आ.ब. २०८०/२०८१ को अनुमानित आय ब्यय विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

अनुमानित आय तर्फ अगामी आ.ब. २०८०/२०८१ मा नेपाल सरकार समानिकरण अनुदान रु. २७,०७,००,०००.०० नेपाल सरकार शशर्त अनुदान

चालु रु. ५३,२६,००,०००.०० नेपाल सरकार शशर्त अनुदान पुजिगत रु ३६,००,०००.०० नेपाल सरकार समपुरक अनुदान रु. ३,५०,००,०००.०० नेपाल सरकार बिषेश अनुदान रु. ५४,००,०००.०० प्रदेश सरकार समानिकरण अनुदान रु. २,०६,८५,०००.०० प्रदेश सरकार शशर्त अनुदान रु. ०.०० प्रदेश सरकार बिषेश अनुदान रु. ७५,००,०००.०० प्रदेश सरकार समपुरक अनुदान रु. ५०,००,०००,०० संघीय सरकार राजश्व वाडफाड रु. १८,८८,२९,०००.०० प्रदेश सरकार राजश्व वाडफाड रु. २,५०,००,०००.०० स्थानीय राजश्व वाडफाडबाट रु. ४,००,००,०००.०० आन्तरीक श्रोतबाट रु. ३९,८८,५२,२५०.०० जनसहभागिताबाट प्राप्त रु १,००,००,०००.०० र गत बर्षको आल्या रु. ७,००,०००.०० गरी कुल जम्मा रु. १,५४,३८,६६,२५०.०० आम्दानी प्राप्त हुने अनुमान लिईएको छु । माथि उल्लेखित बिबरण अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरीएको छ ।

२०८०/२०८१ अनुमानित ब्यय विवरण

अगामी आ.ब. २०८०/२०८१ मा सो बाट चालु खर्च (पालिका) ३८,७२,००,०००.०० र पुजीगत खर्च (पालिका) ५६,७५,६६,२५०.००, चालु खर्च (शशर्त संघ) ५३,२६,००,०००.०० र पुजीगत खर्च (शशर्त संघ) ३६,००,०००.०० समपुरक खर्च (संघ) ३,५०,००,०००.०० बिषेश खर्च (संघ) ५४,००,०००.०० चालु खर्च (प्रदेश) ०.०० र पुजीगत खर्च (शशर्त प्रदेश) ०.०० समपुरक खर्च (प्रदेश) ५००००००.०० र बिषेश खर्च (प्रदेश) तर्फ रु. ७५०००००.०० गरी जम्मा रु. १,५३,२८,६६,२५०.०० खर्च अनुमान गरीएको छ । माथि उल्लेखित बिबरण अनुसूची ३,४,५,६,७ बमोजिमको ढाँचामा तयार गरीएको छ ।

अन्त्यमा, यस उपमहानगरपालिकाको आर्थिक सामाजिक बिकास एवं सेवा प्रवाहमा संलग्न नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यू एवं नगर सभाका सदस्यज्यूहरु लाई एघार्हौं नगर सभाको अवसरमा धन्यवाद ज्ञापन गर्दछु । यसै गरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमामा संलग्न सम्पुर्ण जनप्रतिनिधी र सम्पुर्ण कर्मचारीहरु प्रति कृतज्ञता ज्ञापन गर्दै सफल कार्यान्वयनमा सबै पक्षको सदाझै सक्रिय सहयोगको अपेक्षा एवं बिश्वास राखेको छु ।

धन्यवाद  !!

रौशन परविन

नगर उप-प्रमुख

# अनुसूची - १

## २०७९/२०८० को जेष्ठ मसान्त सम्मको यथार्थ आय विवरण

| क्र.स. | बिवरण | आ ब०७९/०८० को जेष्ठ सम्मको यथार्थ आम्दानी | |
|---|---|---|---|
| | | नेपाल सरकार | आन्तरीक आम्दानी |
| १ | नेपाल सरकार - समानिकरण अनुदान - नगद अनुदान | २७२५६२५००.०० | |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु - नगद अनुदान | ४८९०३६०००.०० | |
| ३ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत - नगद अनुदान | ५६२२५०००.०० | |
| ४ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत - नगद अनुदान | १७५०००००.०० | |
| ५ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत - नगद अनुदान | २०००००००.०० | |
| ६ | मधेश प्रदेश - समानिकरण अनुदान - नगद अनुदान | १५७६८७५०.०० | |
| ७ | मधेश प्रदेश - शसर्त अनुदान पुँजीगत - नगद अनुदान | ० | |
| ८ | मधेश प्रदेश - विषेश अनुदान चालु - नगद अनुदान | ० | |
| ९ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत - नगद अनुदान | ० | |
| १० | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड - नगद | १९७४२५९२.०० | |
| ११ | राजस्व बाँडफाँड - स्थानीय - राजस्व बाँडफाँड - नगद | ३३४५९९७३.०९ | |
| १२ | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड - नगद | १०७३७५७८७.२९ | |
| १३ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | | ४१९९९३७१.९५ |
| १४ | आन्तरिक श्रोत - बैंक मौज्दात - नगद | | १६७१३८८१०.७८ |
| १५ | जन सहभागिता - आन्तरिक श्रोत - नगद | | ४०४०४७५.७६ |
| | जम्मा रु. १,२४,४८,४९,२६०.८७ | १०३१६७०६०२.३८ | २१३१७८६५८.४९ |

# अनुसूची - २

## २०७९/२०८० को जेष्ठ मसान्त सम्मको यथार्थ ब्यय विवरण

| | | |
|---|---|---|
| १ | चालु खर्च जम्मा ( पालिका ) | २६,३८,०१,८७१.०० |
| २ | पुँजीगत खर्च जम्मा ( पालिका ) | ३०,८६,१५,२७५.४४ |
| ३ | चालु खर्च जम्मा ( संघ ) | ४०,१८,७८,३१२.१६ |
| ४ | पुँजीगत खर्च जम्मा ( संघ ) | ४,१७,४५,४०१.४७ |
| ५ | पुँजीगत खर्च जम्मा ( बिषेश ) | १,१२,४६,८४८.५२ |
| ६ | पुँजीगत खर्च जम्मा ( समपुरक ) | १,८७,७०,५४२.१८ |
| ७ | चालु खर्च जम्मा ( प्रदेश ) | ० |
| ८ | पुँजीगत खर्च जम्मा ( प्रदेश ) | ० |
| ९ | समपुरक खर्च जम्मा ( प्रदेश ) | ० |
| १० | बिषेश खर्च जम्मा ( प्रदेश ) | ० |
| | जम्मा | १०४६०५८२५०.७७ |
| | बैक मौज्दात | १९८७९१०१०.१० |
| | जम्मा खर्च | १२४४८४९२६०.८७ |

# अनुसूची - ३

## २०८०/२०८१ को अनुमानित आम्दानी विवरण

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार समानिकरण | २७०७०००००.०० |
| २ | संघीय सरकार शशर्त अनुदान चालु | ५३२६,०००००.०० |
| ३ | संघीय सरकार शशर्त अनुदान पुजिगत | ३६०००००.०० |
| ४ | संघीय सरकार बिषेश अनुदान | ५४०००००.०० |
| ५ | संघीय सरकार समपुरक अनुदान | ३५००००००.०० |
| ६ | प्रदेश सरकार समानिकरण | २०६८५०००.०० |
| ७ | प्रदेश सरकार शशर्त | ०.०० |
| ८ | प्रदेश सरकार बिषेश अनुदान | ७५०००००.०० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ५००००००.०० |
| १० | संघीय सरकार राजश्व बाडफाड | १८८८२९०००.०० |
| ११ | प्रदेश सरकार राजश्व बाडफाड | २५००००००.०० |
| १२ | आन्तरिक श्रोत | ३९८८५२२५०.०० |
| १३ | स्थानीय राजश्व वाडफाड | ४००००००.०० |
| १४ | अनुमानित बैक आ.ल्या. | ७०००००.०० |
| १५ | जनसहभागिता | १००००००.०० |
| | जम्मा | १,५४,३८,६६,२५०.०० |

# अनुसूची - ४

## संघीय सरकार तर्फ अनुमानित खर्च

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | अनुमानित रकम |
|---|---|---|
| १ | संघिय सरकार शशर्त अनुदान चालु | ५३२६,००००० .०० |
| २ | संघिय सरकार शशर्त अनुदान पुजिगत | ३६०००००.०० |
| ३ | संघिय सरकार बिषेश अनुदान | ५६०००००.०० |
| ३ | संघिय सरकार समपुरक अनुदान | ३५००००००.०० |

## प्रदेश सरकार तर्फ अनुमानित खर्च

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | अनुमानित रकम |
|---|---|---|
| १ | प्रदेश सरकार शशर्त अनुदान पुजिगत | ०.०० |
| २ | प्रदेश सरकार बिषेश अनुदान | ७५०००००.०० |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | ५००००००.०० |

# अनुसूची - ५

| संघीय सरकारको बिषेश र समपुरक अनुदान तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| १ | मोतिसर बिधालय भवन निर्माण कार्य | ५४०००००.०० | बिषेश अनुदान |
| २ | नगर सभागृह निर्माण कार्य | ३००००००० .०० | समपुरक अनुदान |
| ३ | बरेवा छठिया पोखरी पार्क निर्माण कार्य | ५००००००.०० | समपुरक अनुदान |

# अनुसूची - ६

## आ.ब.०७९/०८० को बिनियोजन, जेष्ठ मसान्त सम्मको खर्च र आ.ब.०८०/०८१ को अनुमानित खर्च चालु

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | आ.ब. ०७९।०८० | | आ.ब. ०८०।०८१ |
|---|---|---|---|---|
| | | विनियोजन | विनियोजन | विनियोजन |
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र करार तलब | २५,०००,०००।०० | १६,२३८,७७७।१२ | २५,०००,०००।०० |
| २ | पर्व खर्च स्थाइ र करार कर्मचारी | ५,४००,०००।०० | ४,५७९,२८३।०० | ७,०००,०००।०० |
| ३ | सापूर्ण कर्मचारीको पारिश्रमिक | १०१०३८०००।०० | ६३,३३५,२८८।७६ | १०२५०००००।०० |
| ४ | बालविकास सहजकर्ताको विधालय कर्मचारी र सामुदायिक सिकाइ केन्द्रमाा कार्यरत कर्मचारीकोलागी स्थानिय तहबाट थप रकम | १८,७००,०००।०० | १२,२८५,०००।०० | १८,७००,०००।०० |
| ५ | सरसफाईकर्मीकाे ज्याला | ३९,८२०,०००।०० | ३०,२२१,१२३।१९ | ३९,८२०,०००।०० |
| ६ | जनप्रतिनिधी सेवा सुविधा | ४१,७००,०००।०० | ३४७४५०५४।९ | ५०,०००,०००।०० |
| ७ | पोशाक कार्यरत कर्मचारी सबै | १,६००,०००।०० | १,४९५,०००।०० | १,६२०,०००।०० |
| ८ | महंगी भत्ता सबै कर्मचारी | ३,०००,०००।०० | १,४६४,०००।०० | ३,०००,०००।०० |
| ९ | अन्य समिति इत्यादी बैठक भत्ता ( न्यायिक समिति समेत ) | २,०००,०००।०० | १,४५८,५४०।०० | ३,०००,०००।०० |
| १० | शिक्षा महाशाखा अन्तर्गत बैठक, यातायात, अनुगमन र विद्यालय स्तरीय परीक्षा संचालन र ब्यवस्थापन समेत | ८००,०००।०० | ५७२,०००।०० | ८००,०००।०० |
| ११ | महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन | ३,१५०,०००।०० | ८९४,०००।०० | ३,१५०,०००।०० |
| १२ | प्रोत्साहन भत्ता स्थाइ र करार | ८,६५०,०००।०० | ६,४८८,४६१।१८ | ८५००,०००।०० |
| १३ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०,०००।०० | ३५,०००।०० | ५०,०००।०० |
| १४ | रासन भत्ता | ७१०,०००।०० | ४८९,७००।०० | ७१०,०००।०० |
| १५ | पानी तथा बिजुली | १,१५०,०००।०० | १,१४८,३७०।०० | ३,०००,०००।०० |
| १६ | संचार महसुल | २५०,०००।०० | ५८,३३४।१७ | २५०,०००।०० |
| १७ | इन्धन कार्यालय प्रयोजन र सरसफाई | २०,०००,०००।०० | १४,६७८,९५३।०९ | २०,०००,०००।०० |
| १८ | बिमा तथा नवीकरण खर्च | १,०००,०००।०० | २०७,७५९,९९ | ४००,०००।०० |
| १९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७,०००,०००।०० | ४,१४३,७७५।७८ | ७,०००,०००।०० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | १,७००,०००।०० | १,६९४,२११।९३ | २,०००,०००।०० |
| २१ | पुस्तक तथा सामग्री खर्च | ५०,०००।०० | ५,०००।०० | ५०,०००।०० |
| २२ | इन्धन - अन्य प्रयोजन | ५०,०००।०० | २२,६५०।०० | ५०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | पत्रपत्रिका | १००,०००।०० | ४१,५००।०० | १००,०००।०० |
| २४ | संदेशमुलाक सूचना प्रकाशन खर्च | ५००,०००।०० | ४९८,९४८।०० | ५०००००।०० |
| २५ | सूचना प्रकाशन खर्च | २,५००,०००।०० | २,४९६,४६३।१२ | २,५००,०००।०० |
| २६ | अन्य कार्यालय संचालन खर्च छपाइ समेत | १,८००,०००।०० | १,७९८,१३५।३० | १,८००,०००।०० |
| २७ | सेवा र परामर्श खर्च | ५००,०००।०० | २८१,०००।०० | ५००,०००।०० |
| २८ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १,०००,०००।०० | ४९७,२००।०० | ५००,०००।०० |
| २९ | अन्य सेवा शुल्क इन्टरनेट | १,०००,०००।०० | ८८२,५६५।४७ | १,०००,०००।०० |
| ३० | जनप्रतिनिधी तथा कर्मचारी क्षमता विकास कार्यक्रम | २,०००,०००।०० | ४२५,१२३।०० | ५००००० |
| ३१ | कार्यक्रम खर्च - बेवारिसे लास व्यवस्थापन | १५०,०००।०० | ४४,०००।०० | १५०,०००।०० |
| ३२ | एन कानुन तर्जुमा परिमार्जन र प्रकाशन | ५००,०००।०० | ( | ( |
| ३३ | लामखुट्टे नियनेत्रण (औषधि खरीद तथा ज्याला) | १,६००,०००।०० | १,५४०,१०९।७० | २०००,०००।०० |
| ३४ | सभा सञ्चालन खर्च | २,०००,०००।०० | ७७०,४८३।२५ | २,०००,०००।०० |
| ३५ | सार्वजनीक सुनुवाइ | ५००,०००।०० | १९,२२५।०० | २००,०००।०० |
| ३६ | कार्यक्रम खर्च (नगर गतिविधिसमेत) | २,०००,०००।०० | १,३१८,३६३।२० | ५००,०००।०० |
| ३७ | दायित्व भुक्तानी आ.ब. ०७९।०८० | २०,०००,०००।०० | १९,९३३,६९३।८८ | ३०,०००,०००।०० |
| ३८ | सक्सन टैंक संचालन र व्यवस्थापन | १००,०००।०० | ( | १००,०००।०० |
| ३९ | सहकारी संस्थाहरुकाे नियमन अनुगमन तथा क्षमता विवकास | १००,०००।०० | ( | ( |
| ४० | अनुगमन, मूल्यांकन खर्च | २,०००,०००।०० | ७३०,०००।०० | १,०००,०००।०० |
| ४१ | भ्रमण खर्च (जनप्रतिनिधी) | ८००,०००।०० | १४७,०२५।०० | ३००,०००।०० |
| ४२ | भ्रमण खर्च कर्मचारी | २,०००,०००।०० | १,२४८,०४५।०० | १,०००,०००।०० |
| ४३ | विविध खर्च (पालिका) | ४,०००,०००।०० | ३,९८३,७९२।५५ | ४,०००,०००।०० |
| ४४ | विविध खर्च (वडा कार्यालय) | ४,८६०,०००।०० | ४,०४९,००७।०० | ५,३००,०००।०० |
| ४५ | नगर विकास कोष ब्याज भुक्तानी | ५,०००,०००।०० | २,०००,०००।०० | ५,०००,०००।०० |
| ४६ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,३५०,०००।०० | ४,३७२,५००।०० | ५,०५०,०००।०० |
| ४७ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता (खपरताता रामजानकी मंदिर र बरेवा शिवालय पुजा खर्च अनुदान) | १५०,०००।०० | ५४,०००।०० | १००,०००।०० |
| ४८ | आर्थिक सहायता | ३,३००,०००।०० | ३,०४२,३००।०० | २,५००,०००।०० |
| ४९ | औषधी खरिद | १०,०००,०००।०० | २,५००,०००।०० | २,७००,०००।०० |
| ५० | उपदान | ५,०००,०००।०० | ४,०००,०००।०० | ७,५००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ५१ | घरभाडा आधारभुत स्वास्थ सेवा केन्द्र संचालन तथा अन्य | २,७००,०००।०० | १,५९१,५३३।४५ | २,०००,०००।०० |
| ५२ | सरसफाइ सवारी साधन तथा मेशिनर औजार भाडा | ७,०००,०००।०० | ३,९०४,५७६।६० | ७,०००,०००।०० |
| ५३ | अन्य भाडा | ५०,०००।०० | ३१,९००।०० | २००,०००।०० |
| ५४ | उद्धोग वाणिज्य संघको ठेक्काको हिस्सा भुक्तानी | ( | ( | १,७००,०००।०० |
| ५५ | नेपाल नगरपालिका संगलाइ अनुदान | ( | ( | ५००,०००।०० |
| ५६ | पदाधियकारी अन्य भत्ता न्यायिक समिति | ५००,०००।०० | ( | |
| ५७ | महिला सिलाइ कटाइ एडभान्स तालिम | १,०००,०००।०० | ( | |
| | **जम्मा** | ७१५,३५६,०००।०० | ४९६१०५४८५।१४ | ३८,७२,००,०००।०० |

# अनुसूची - ७

## आ.ब.०७९/०८० को बिनियोजन, जेष्ठ मसान्त सम्मको खर्च र आ.ब.०८०/०८१ को अनुमानित खर्च पुजीगत

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | आ.ब. ०७९।०८० | | आ.ब. ०८०।०८१ |
|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन |
| १ | सवारी साधन | 3,750,000.00 | 3,614,822.07 | - |
| २ | मेशिनरी तथा औजार | 2,000,000.00 | 203,899.20 | 1,000,000.00 |
| ३ | फर्निचर तथा फिक्चर्स | 4,000,000.00 | 2,523,968.00 | 500,000.00 |
| ४ | डि.पि.आर. तैयारी | 4,000,000.00 | 80,000.00 | 8,000,000.00 |
| ५ | दैवि प्रकोप उद्वार राहत कोष | 2,000,000.00 | - | 500,000.00 |
| ६ | मर्मत संभार कोष | 13,500,000.00 | 9,067,966.33 | 10,000,000.00 |
| ७ | समपुरक कोष | 40,000,000.00 | 25,595,215.65 | 40,000,000.00 |
| ८ | प्रशासनिक भवन निर्माण म्याचिङ्ग | 18,400,000.00 | 11,889,768.28 | 18,400,000.00 |
| ९ | ग.त. आ.व. को दायीत्व भुक्तानी | 137,138,810.78 | 136,995,565.19 | 178,966,250.00 |
| १० | जनसहभागिता | 10,000,000.00 | 630,267.79 | 10,000,000.00 |
| ११ | रकम फिर्ता (मर्मत सम्भार) | 500,000.00 | 465,400.00 | 200,000.00 |
| १२ | सडक बत्ति खरिद | 11,000,000.00 | 10,681,981.89 | 10000,000.00 |
| १३ | अन्य खप्ने सामान | 4,500,000.00 | 4,427,007.47 | 4,000,000.00 |

| | | | | |
|---|---|---|---|---|
| १४ | सि सि टि भी | 800,000.00 | 800,000.00 | 500,000.00 |
| १५ | खेलकुद सामग्री तथा गतिबिधी | 2,500,000.00 | 1,967,635.25 | 2,000,000.00 |
| १६ | अपांगता सामग्री खरीद तथा वितरण | 800,000.00 | 300,000.00 | - |
| १७ | खेलकुद पूर्वाधार | 2,500,000.00 | 1,106,708.56 | - |
| १८ | लुमन्तीसंगको सहकार्यमा आवास निर्माण | 2,500,000.00 | 2,500,000.00 | - |
| १९ | धारा जडान तथा मर्मत | 1,500,000.00 | 1,499,714.36 | - |
| २० | खानेपानि धारा विस्तार | - | - | 500,000.00 |
| २१ | भरत चौक शौचालय निर्माण | 5,000,000.00 | - | - |
| २२ | कलैया अस्पतालकोलागी ट्रान्सफर्मार खरीद | 650,000.00 | 517,459.85 | - |
| २३ | वडा स्तरीय योजना | 175,500,000.00 | 76,474,953.55 | 216,000,000.00 |
| २४ | नगर स्तारीय योजना पूजिगततर्फ | 55,735,000.00 | 16,119,842.72 | 67,000,000.00 |
| २५ | नगर स्तारीय योजना चालुतर्फ | 12,585,000.00 | 5,340,098.37 | |
| | **कुल जम्मा** | **510,858,810.78** | **312,802,274.53** | **56,75,66,250.00** |

# अनुसूची - ७
# पुजीगत खर्च

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०२/३२ | | | | |
|---|---|---|---|---|
| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च | मौज्दात |
| ८०२२१३०११०३ नगर स्तरीय योजना | ५५७३५०००. | १६११९८४२.७२ | 28.92 | ४६८६००५८.९१ |
| ८०२२१३०१२०१ कलैया उप महानगरपालिकावडा नं.१ | ६५०००००. | २९९०५४६.७३ | 46 | ३५०९४५३.२७ |
| ८०२२१३०१२०२ कलैया उप महानगरपालिकावडा नं.२ | ६५०००००. | ८७५६४७.५१ | 13.47 | ५६२४३५२.४९ |
| ८०२२१३०१२०३ कलैया उप महानगरपालिकावडा नं.३ | ६५०००००. | ३७८९३९. | 5.82 | ६१२१०६१. |
| ८०२२१३०१२०४ कलैया उप महानगरपालिकावडा नं.४ | ६५०००००. | ३४५५७४९.३६ | 53.16 | ३०४४२५०.६४ |
| ८०२२१३०१२०५ कलैया उप महानगरपालिकावडा नं.५ | ६५०००००. | ३६०५५४६.६६ | 68.02 | १६९४४५३.३४ |
| ८०२२१३०१२०६ कलैया उप महानगरपालिकावडा नं.६ | ६५०००००. | ३४३९७४६.४८ | 52.91 | ३०६०२५३.५२ |
| ८०२२१३०१२०७ कलैया उप महानगरपालिकावडा नं.७ | ६५०००००. | ४७७९७१२.५१ | 73.53 | १७२०२८७.४९ |
| ८०२२१३०१२०८ कलैया उप महानगरपालिकावडा नं.८ | ६५०००००. | २८९७६९४.६१ | 44.57 | ३६०२३०५.३९ |
| ८०२२१३०१२०९ कलैया उप महानगरपालिकावडा नं.९ | ६५०००००. | ४०३४१३५.२८ | 62.06 | २४६५८६४.७२ |
| ८०२२१३०१२१० कलैया उप महानगरपालिकावडा नं.१० | ६५०००००. | २१४७९९७.६ | 33.04 | ४३५२००२.४ |
| ८०२२१३०१२११ कलैया उप महानगरपालिकावडा नं.११ | ६५०००००. | ४१७४१९३.४१ | 64.21 | २३२५८०६.५९ |
| ८०२२१३०१२१२ कलैया उप महानगरपालिकावडा नं.१२ | ६५०००००. | २६४५९८७.९५ | 40.7 | ३८५४०१२.०५ |
| ८०२२१३०१२१३ कलैया उप महानगरपालिकावडा नं.१३ | ६५०००००. | ४०८६९५२.४४ | 62.87 | २४१३०४७.५६ |
| ८०२२१३०१२१४ कलैया उप महानगरपालिकावडा नं.१४ | ६५०००००. | १२५१२४८.१८ | 19.24 | ५२४८७५१.८२ |
| ८०२२१३०१२१५ कलैया उप महानगरपालिकावडा नं.१५ | ६५०००००. | ९७९७९५.५१ | 15.07 | ५५२०२०४.४९ |
| ८०२२१३०१२१६ कलैया उप महानगरपालिकावडा नं.१६ | ६५०००००. | ७९०७५७.५५ | 12.16 | ५७०९२४२.४५ |
| ८०२२१३०१२१७ कलैया उप महानगरपालिकावडा नं.१७ | ६५०००००. | ४९७४४२५.५६ | 76.52 | १५२५५७४.४४ |
| ८०२२१३०१२१८ कलैया उप महानगरपालिकावडा नं.१८ | ६५०००००. | २७३०१७९.१९ | 42 | ३७६९८२०.८१ |
| ८०२२१३०१२१९ कलैया उप महानगरपालिकावडा नं.१९ | ६५०००००. | २८३१३७६.६६ | 43.55 | ३६६८६२३.३४ |
| ८०२२१३०१२२० कलैया उप महानगरपालिकावडा नं.२० | ६५०००००. | ३२१६८४२.१ | 49.48 | ३२८३१५७.९ |
| ८०२२१३०१२२१ कलैया उप महानगरपालिकावडा नं.२१ | ६५०००००. | २७०५४३१.४२ | 41.62 | ३७९४५६८.५८ |
| ८०२२१३०१२२२ कलैया उप महानगरपालिकावडा नं.२२ | ६५०००००. | २११९४८८.५ | 32.6 | ४३८०५११.५ |
| ८०२२१३०१२२३ कलैया उप महानगरपालिकावडा नं.२३ | ६५०००००. | २४८८५०४.१९ | 38.28 | ४०११४९५.८१ |
| ८०२२१३०१२२४ कलैया उप महानगरपालिकावडा नं.२४ | ६५०००००. | ३२१०१४६.६३ | 49.38 | ३२८९८५३.३७ |
| ८०२२१३०१२२५ कलैया उप महानगरपालिकावडा नं.२५ | ६५०००००. | ४३३७८२.३४ | 22.05 | ५०६६२१७.६६ |
| ८०२२१३०१२२६ कलैया उप महानगरपालिकावडा नं.२६ | ६५०००००. | ४२८१३१३.१७ | 65.86 | २२१८६८६.८३ |
| ८०२२१३०१२२७ कलैया उप महानगरपालिकावडा नं.२७ | ६५०००००. | ३९४८८१३.०१ | 60.75 | २५५११८६.९९ |
| ८०२२१३०११०४ नगर कार्यपालिका पुजिगत | २६७०३८८१०.७८ | २१४८६७३७९.८९ | 80.46 | ५२१७१४३०.८९ |
| जम्मा | ५०,३२,७३,८१०.७८ | ३०,८६,१५,२७५.४४ | | १९६८५६५३६.२५ |